# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३ ) काठमाडौं, साउन १८ गते २०५० साल (संख्या १६

## भाग ३

### श्री ५ को सरकार

### आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

टिकापुर विकास समिति (गठन) (आठौं संशोधन) आदेश, २०५०

टिकापुर विकास समिति (गठन) आदेश, २०२८ लाई संशोधन गर्न वान्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले वेहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "टिकापुर विकास समिति (गठन) (आठौं संशोधन) आदेश, २०५०" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. टिकापुर विकास समिति (गठन) आदेश,२०२८ को दफा ३ मा संशोधनः– टिकापुर विकास समिति (गठन) आदेश, २०२८ को दफा ३ को सट्टा वेहायको दफा ३ राखिएको छः–

"३. समितिको काम, कर्तव्य र अधिकारः– (१) योजनालाई २०५२ साल आषाढ मसान्तसम्ममा पूरा गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) समितिले हालसम्म र्चाच आएको (समितिबाट विभिन्न मितिको निर्णय अनुसार विभिन्न व्यक्ति र संस्थाहरूलाई प्रदान गरिएको) जग्गाहरू नापी गराइ समितिको नाममा जग्गा धनी प्रमाण पूर्जा लिने ।

(३) समितिको स्वामित्वमा रहेका जग्गाहरूमध्ये खेती योग्य जग्गा, बजार क्षेत्रको लागि उपयुक्त जग्गा, बसोवासको लागि उपयुक्त जग्गा तथा प्लट विभाजन गर्दा प्लटको बीच-बीचमा छुटेका साना-तिना टुक्राटाक्री जग्गाहरूको यकिन गरी देहायबमोजिम गर्नेः–

(क) नक्सा अनुसारको बजार क्षेत्रका घडेरी प्लटहरूको अगाडिको टुक्रा जग्गा सम्बन्धित प्लटवालालाई प्राथमिकता दिई बिक्री वितरण गर्ने ।

(ख) योजनामा परिसकेका र वितरण गर्न बाँकी रहेका प्लटहरू बिक्री वितरण गर्ने ।

(ग) प्लट विभाजन गर्दा प्लटको बीच-बीचमा छुटेका साना-तिना टुक्राटाक्री जग्गाहरू सँगैको प्लटवालालाई प्राथमिकता दिई बिक्री वितरण गर्ने ।

(घ) योजना गर्न बाँकी जग्गाहरूको योजना बनाइ पहिले नै प्लटको लागि पूरा पैसा जम्मा गरिसकेका व्यक्तिहरूलाई प्लट वितरण गरी बाँकी रहन आउने प्लटहरू समेत बिक्री वितरण गर्ने ।

(४) समितिबाट निर्मित बंगला तथा सो सँग सम्बन्धित क्षेत्र र सो क्षेत्रसँग जोडिएको समितिले र्चाच आएको जग्गा समितिको नाउँमा नापी गराइ सो को जग्गा धनी प्रमाण पूर्जा लिने ।

(५) समितिले वृक्षा रोपण गरी विकसित गरेको वन क्षेत्रलाई हानी नोक्सानी नपर्ने गरी त्यस्तो क्षेत्रमा जडिबुटी खेती, रेशम खेती, फलफूल खेती तथा मौरी पालन जस्ता कार्यक्रम संचालन गर्न इच्छुक व्यक्ति वा संस्थालाई त्यस्तो क्षेत्र पट्टामा दिई आय मूलक कार्यक्रम संचालन गराउने ।

(६) समितिबाट निर्माण र संचालन गरिएका हवाई मैदान, विद्यालय, स्वास्थ्य केन्द्र, बगैंचा जस्ता पूर्वाधार स्वरूपका निर्माण कार्यहरू श्री ५ को सरकारको सम्बन्धित निकायलाई हस्तान्तरण गर्न कारवाही गर्ने ।"

आज्ञाले,
शिवबहादुर प्रधानाङ्ग
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
260